आज मिति २०८३ साल असार २६ गते सोमबारका दिन मण्डनदेउपुर नगरपालिकाका नगरप्रमुख श्री टोक बहादुर तामाङको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १० बमोजिम निम्न पदाधिकारीहरूको उपस्थितिमा नगरकार्यपालिकाको ७३औं बैठक बसी देहायबमोजिम निर्णयहरू गरियो ।

उपस्थिति

| क्र.स. | पद | कार्यालय | नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मण्डनदेउपुर न.पा. | श्री टोकबहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | मण्डनदेउपुर न.पा. | श्री विष्णुमणि नेपाल | | |
| ३ | वडा अध्यक्ष | वडा नं. १ | श्री शिवप्रसाद ढकाल | | |
| ४ | वडा अध्यक्ष | वडा नं. २ | श्री राजकुमार मल्ल | | |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | श्री पुरूषोत्तम बजगाई | | |
| ६ | वडा अध्यक्ष | वडा नं. ४ | श्री मैतेसिं तामाङ | | |
| ७ | वडा अध्यक्ष | वडा नं. ५ | श्री हर्कबहादुर लामा | | |
| ८ | वडा अध्यक्ष | वडा नं. ६ | श्री सोमप्रसाद ढकाल | | |
| ९ | वडा अध्यक्ष | वडा नं. ७ | श्री विष्णुप्रसाद पौडेल | | |
| १० | वडा अध्यक्ष | वडा नं. ८ | श्री निरन्जन विष्ट | | |
| ११ | वडा अध्यक्ष | वडा नं. ९ | श्री सिताराम श्रेष्ठ | | |
| १२ | वडा अध्यक्ष | वडा नं. १० | श्री कुमार तामाङ | | |
| १३ | वडा अध्यक्ष | वडा नं. ११ | श्री दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडा अध्यक्ष | वडा नं. १२ | श्री राजकुमार पराजुली | | |
| १५ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सुनकुमारी तामाङ | | |
| १६ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री रिता रोक्का | | |
| १७ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री मैयादेवी तिवारी | | |
| १८ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सविना विसुन्खे रम्तेल | | |
| १९ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सावित्री दमाई | | |
| २० | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सूर्यबहादुर राई | | |
| २१ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री विकासकुमार राई | | |
| २२ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री भेषबहादुर वि.क. | | |
| २३ | सदस्य सचिव | प्र. प्र. अ. | श्री अमृत कुमार धिताल | | |
| आमन्त्रित | | | | | |
| १ | | | | | |
| २ | | | | | |

## २०८३/०३/२६ गतेको नगर कार्यपालिकाको ७३^औं बैठकको एजेन्डाहरू

१. योजनाहरुको भुक्तानी अनुमोदन सम्बन्धमा।

२. बाँकी योजनाहरुको म्याद थप तथा श्रोत व्यवस्थापन सम्बन्धमा।

३. बयरबोट ओखलढुंगा सडकको भेरिएसन आदेश (VO) अनुमोदन सम्बन्धमा।

४. सुरक्षा गार्डको म्याद थप सम्बन्धमा।

५. दहत्तर बहत्तरको ठेक्का सम्बन्धमा।

६. जि.स.स. अनुदान सम्बन्धमा।

७. असाधारण विदा रद्द सम्बन्धमा।

८. जिल्ला प्रशासन कार्यालयको परिपत्र सम्बन्धमा।

९. नगरकोट क्षेत्रको सार्वजनिक संरचनाहरुको संरक्षण तथा सरसफाइ सम्बन्धमा।

१०. विविध

निर्णय नं. १

नगरपालिकाको १७<sup>औं</sup> नगरसभाबाट विनियोजित तथा १८<sup>औं</sup> नगरसभाबाट शंसोधन भई कार्यान्वयन भएका सम्पूर्ण योजना तथा कार्यक्रमहरुको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. २

आ.व.२०८२/८३ मा ठेक्का व्यवस्था मार्फत संचालित तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरुको म्याद सकिएको हुदाँ सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम थप आर्थिक दायित्व सिर्जना नहुने गरी म्याद थप प्रक्रिया अगाडी वढाउने निर्णय गरियो।

तपसिल

| क्र.सं. | ठेक्का विवरण | ठेक्का नम्बर | निर्माण व्यवसायी |
|---|---|---|---|
| १ | १५ शैया आधारभुत नगरअस्पताल निर्माण | 10/WORKS/NCB/MDM/2079/80 | क्षितिज ग्रिनतारा जे.भी. नागार्जुन काठमाण्डौं |
| २ | फेदी-तिमल्सिनागाउँ-डाँडागाउँ-जुडीगाउँ-छिनेको पहिरो सडक | 01/WORKS/NCB/MDM/82/83 | खाँडादेवी/आरकोन जेभि, चन्द्रागिरी-१, काठमाण्डौं |
| ३ | फेदी-चण्डेनी-हल्देछाप सडक (क्रमागत) वडा नं. ११ | 02/WORKS/NCB/MDM/82/83 | आर.पि./ह्युल्ला/काभ्रे जेभि, बनेपा-९, काभ्रेपलाञ्चोक |
| ४ | टयाँकीडाँडा-माने-काशीभञ्ज्याङ-नाला सडक वडा नं.३ | 03/WORKS/NCB/MDM/82/83 | प्रो-भिजन/मोनालिसा/गौतम जेभि, काठमाण्डौं |
| ५ | काभ्रेपलान्चोक जिल्ला मण्डनदेउपुर नगरपालिका वडा न ७ कुन्ता नर्सरी - नौविसे - जैमाने सडक | 18/WORKS/NCB/MDM/82/83 | जलपरी कन्स्ट्रक्शन एण्ड सप्लायर्स प्रा.लि., काठमाण्डौं |
| ६ | काभ्रेपलाञ्चोक जिल्ला मण्डन देउपुर नगरपालिका वडा नं १ काम्चेथिङ टोल तामाङ बस्ति अन्तर्गत पूर्वाधार स्तरोन्नति कार्य | 21/WORKS/NCB/MDM/82/83 | विनायक कन्स्ट्रक्शन, मण्डनदेउपुर-७, काभ्रेपलाञ्चोक |
| ७ | वडा नं. ६ का सडक योजनाहरु पार्ट-२ | 27/WORKS/NCB/MDM/82/83 | गौतम एण्ड आरभ कन्स्ट्रक्शन प्रा.लि., मण्डनदेउपुर-७, काभ्रेपलाञ्चोक |

| | | | |
|---|---|---|---|
| ८ | मंगलादेवी सामुदायिक भवन निर्माण | 31/WORKS/NCB/MDM/82/82 | युनिक एण्ड युनिश कन्स्ट्रक्शन प्रा.लि., मेलम्ची-११ सिन्धुपाल्चोक |
| ९ | वडा नं. ४ का विभिन्न योजनाहरु | 36/WORKS/NCB/MDM/82/83 | धैरेनीदेवी रक्तमाला कन्स्ट्रक्सन प्रा.लि., मण्डनदेउपुर-८, काभ्रेपलाञ्चोक |
| १० | वडा नं. १ को विभिन्न योजनाहरु | 37/WORKS/NCB/MDM/82/83 | विनायक कन्स्ट्रक्शन, मण्डनदेउपुर-७, काभ्रेपलाञ्चोक |
| ११ | वडा नं. ७ का विभिन्न सडक सम्बन्धी योजनाहरु | 38/WORKS/NCB/MDM/82/83 | विकास एण्ड विशिष्ठ विल्डर्स एण्ड सप्लायर्स प्रा.लि., मेलम्ची-१३, सिन्धुपाल्चोक |
| १२ | वडा नं. १ को विभिन्न योजना फेज-२ | 40/WORKS/NCB/MDM/82/83 | दिपलक्ष्मी कन्स्ट्रक्शन, रोशी-१, काभ्रेपलाञ्चोक |
| १३ | वडा नं. २ को विभिन्न सडक योजना फेज-२ | 43/WORKS/NCB/MDM/82/83 | दिपलक्ष्मी कन्स्ट्रक्शन, रोशी-१, काभ्रेपलाञ्चोक |
| १४ | वडा नं. ११ का विभिन्न योजनाहरु फेज-२ | 44/WORKS/NCB/MDM/82/83 | भगवती निर्माण सेवा, होक्से-३, काभ्रेपलाञ्चोक |
| १५ | वडा नं. २ का भवन सम्बन्धी विभिन्न योजना | 45/WORKS/NCB/MDM/82/83 | एन.एस. विल्डर्स, जनकपुरधाम-१९, धनुषा |
| १६ | सिमखेत सिङ्गे चित्ते मेसागाउ सडकको चित्ते खोला कल्भर्ट निर्माण वडा नं २ र ४ | 52/WORKS/NCB/MDM/82/83 | मैदान कन्स्ट्रक्शन एण्ड सप्लायर्स प्रा.लि., कोटेश्वर, काठमाण्डौं |
| १७ | नगरपालिकासँगको साझेदारीमा वडा कार्यालय भवन निर्माण-६ | 53/WORKS/NCB/MDM/82/83 | सक्सेस कन्स्ट्रक्शन एण्ड डेभलपर्स प्रा.लि., काठमाण्डौं-१०, काठमाण्डौं |
| १८ | वडा कार्यालय भवन निर्माण-१२ | 57/WORKS/NCB/MDM/82/83 | मैदान कन्स्ट्रक्शन एण्ड सप्लायर्स प्रा.लि., कोटेश्वर, काठमाण्डौं |
| १९ | वडा नं. ३ को खानेपानी तथा सिंचाईको योजनाहरु | 58/WORKS/NCB/MDM/82/83 | पाल्साङ निर्माण सेवा, पनौती-११, काभ्रेपलाञ्चोक |
| २० | वडा कार्यालय मर्मत सम्भार तथा खानेपानी व्यवस्थापन | 61/WORKS/NCB/MDM/82/83 | पर्फेक्ट इन्जिनीयरिङ कन्स्ट्रक्सन एण्ड कन्सल्टयान्ट प्रा.लि., इन्द्रावती-४, सिन्धुपाल्चोक |

| | | | |
|---|---|---|---|
| १ | वडा नं. १० आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण | 63/WORKS/NCB/MDM/82/83 | एम.एस. कन्स्ट्रक्शन, मण्डनदेउपुर-११, काभ्रेपलाञ्चोक |
| १२ | वडा नं. १२ आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण | 64/WORKS/NCB/MDM/82/83 | सक्सेस कन्स्ट्रक्शन एण्ड डेभलपर्स प्रा.लि., काठमाण्डौं-१० काठमाण्डौं |

**निर्णय नं.३**

प्राविधिक शाखाबाट अध्ययन तथा आवश्यक परीक्षण सम्पन्न गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ बमोजिम नगर प्रमुखस्तरीय निर्णयबाट स्वीकृत भई पेश भएको बयरबोट– ओखलढुंगा सडक निर्माण योजनाको भेरिएसन आदेश (Variation Order–VO) अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

मण्डनदेउपुर नगरपालिका र काभ्रे भू.पु सैनिक सेक्यूरिटी सप्लायर्स कम्पनी प्रा.लि, बनेपा नगरपालिका वडा नं. ७ विच सुरक्षा गार्ड आपूर्ति सम्बन्धमा गत वर्ष देखि नै भएको सम्झौताको म्याद आ.व. २०८३/८४ को असार मसान्त सम्मका लागि थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

५.१. ईन्द्रावति नदिको नदिजन्य तथा निर्माण सामग्री (ढुङ्गा, गिट्टी, वालुवा) को आ.व. २०८२/८३ मा उत्खनन् भएको तर विक्री हुन बाँकी नदि किनार र सम्बन्धित क्रसर उद्योग क्षेत्रमा घाट गद्दी गरी राखेको मौज्दात परिमाण एकीन गर्न देहायको प्राविधिक टोली गठन गरि उक्त टोलीपले मिति २०८३ आषाढ ३२ गते सो क्षेत्रमा रहेको उक्त नदिजन्य तथा निर्माण जन्य सामग्रीको मौज्दात नापजाँच गरी कार्यालयमा ३ दिन भित्र प्रतिवेदन पेश गर्ने गरि प्राविधिक समिति गठन गर्ने निर्णय गरियो।

क. संयोजक ई. श्री विक्रम थापा
ख. सदस्य बरिष्ठ शाखा अधिकृत श्री कासीनाथ नेपाल
ग. सदस्य ई. श्री रवि कुवँर
घ. सदस्य लेखापाल श्री भेषराज पराजुली
ङ. सदस्य आ.ले.प. श्री चन्द्रमणी पौडेल
च. सदस्य अमिन श्री प्रदिप मगराती
छ. सदस्य-सचिव राजश्व शाखा प्रमुख श्री हरि भुषाल

५.२. निर्णय नं. ५.१ बमोजिम गठित प्राविधिक टोलीले पेश गरेको प्रतिवेदनका आधारमा नगरस्तरीय अनुगमन समितिबाट अनुगमन गरी यकिन भएको नदीजन्य तथा निर्माणजन्य

सामग्री (ढुङ्गा, गिट्टी, वालुवा) मौज्दात नगरकार्यपालिकाबाट प्रमाणित गर्ने र प्रमाणित मौज्दात परिमाण र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) बमोजिम स्वीकृत कुल परिमाणलाई समायोजन गरी कायम हुन आउने परिमाणका आधारमा नदीजन्य पदार्थको आन्तरिक आय संकलनका लागि पुनः बोलपत्र आह्वान गरी ठेक्का व्यवस्थापन गर्ने साथै उक्त ठेक्काको व्यवस्थापन सम्पन्न नहुन्जेलसम्म नगरकार्यपालिकाले अमानतबाट नदीजन्य पदार्थको बिक्री तथा संकलन शुल्क उठाउने र संकलित आम्दानीबाट २ (दुई) प्रतिशत प्रशासनिक खर्च कट्टा गरी बाँकी रकम श्रावण १ गतेदेखि संकलित विक्री शुल्कको ठेक्का सम्झौता सम्पन्न भएपछि बोलपत्रदाताले कबोल गरेको ठेक्का रकममा उक्त संकलित रकम समायोजन (हिसाब मिलान) गर्ने व्यवस्था मिलाई इन्द्रावती नदीको नदीजन्य पदार्थ संकलन तथा बिक्रीका लागि बोलपत्र आह्वान गर्ने निर्णय गरियो।

५.३. अमानतबाट नदीजन्य सामग्रीको बिक्री तथा संकलन शुल्क संकलन कार्यका लागि नगरकार्यपालिकामा कार्यरत आवश्यक कर्मचारी खटाउने निर्णय गरियो। उक्त कार्यमा खटिने कर्मचारीलाई दिउँसोको समयमा कार्य सम्पादन गरेबापत खाना, खाजा तथा आवास व्यवस्थापनका लागि प्रतिदिन रु.१२००/- (अक्षरेपी एक हजार दुई सय रुपैयाँ मात्र) र रातिको समयमा कार्य सम्पादन गरेबापत खाना, खाजा तथा आवास व्यवस्थापनका लागि प्रतिदिन रु. १,५००/- (अक्षरेपी एक हजार पाँच सय रुपैयाँ मात्र) का दरले उपलब्ध गराउने तथा खाना, खाजा र आवासको व्यवस्था सम्बन्धित कर्मचारी स्वयंले मिलाउने व्यवस्था गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

मण्डनदेउपुर नगरपालिकाको विभिन्न समयमा अनुगमन गरी जिल्ला समन्वय समितिबाट विकास निर्माण तथा दहत्तर वहत्तर सम्बन्धमा प्राप्त पृष्ठपोषण सम्बन्धमा छलफल गरि क्रमश कार्यान्यवयन गर्ने निर्णय गरियो साथै जिल्ला समन्वय समिति, काभ्रेपलाञ्चोकको च.नं. ७८३, मिति २०८३/०३/०५ गतेको पत्रमार्फत अनुगमन, नियमन तथा समन्वय कार्यका लागि माग भएको रु.१०,००,०००/- (अक्षरेपी रु. दश लाख) मध्ये जिल्ला समन्वय समिति, काभ्रेपलाञ्चोकको नाममा अनुदानस्वरूप निकासा गरिएको रु. ५,००,०००/- (अक्षरेपी रु. पाँच लाख) को निकासा अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

नगरकार्यपालिकाको मिति २०८२/०९/२४ गते सम्पन्न ६४ औं नगरकार्यपालिका बैठकबाट मिति २०८३/०२/१३ देखि २०८३/०९/१५ गतेसम्मका लागि स्वीकृत सि.अ.न.मी. श्री ईश्वरी सापकोटा गौतम (कर्मचारी संकेत नं. १५६०९५) को असाधारण बिदा, निजले उक्त बिदा आवश्यक नभएको जनाई कार्यालयमा हाजिर गराइपाउँ भनी पेश गरेको निवेदन समेतका आधारमा मिति २०८३/०३/२६ गतेदेखि लागू हुने गरी निजको स्वीकृत असाधारण बिदा रद्द गरी कार्यालयमा हाजिर गराउने निर्णय गरियो।

निर्णय नं. ८

जिल्ला प्रशासन कार्यालय, काभ्रपलाञ्चोकको च.नं. ७५२४ मिति २०८३/०३/२३ गतेको पत्रमार्फत माग भएको विवरण सम्बन्धमा मण्डनदेउपुर नगरपालिका वडा नं. १ र २ को नगरकोट क्षेत्र तथा वडा नं. ३ को ठुलीचौर सम्मको क्षेत्रमा सार्वजनिक तथा सरकारी जग्गा छुट्टाउने कार्यभईरहेकोले सोही व्यहोरा जानकारी गराउने निर्णय गरियो।

निर्णय नं. ९

नगरकोट क्षेत्रस्थित सार्वजनिक संरचनाहरूको संरक्षण, सञ्चालन, व्यवस्थापन तथा सरसफाइलाई प्रभावकारी बनाउन मण्डनदेउपुर नगरपालिका वडा नं. २ स्थित सनराईज भिउपार्क (कफीडाँडा) सार्वजनिक शौचालय, मिस्ट्रिक माउन्टेन होटल जाने सडकमा रहेको सार्वजनिक शौचालय, नगरकोट चोकस्थित नवनिर्मित शहरी स्वास्थ्य चौकी नजिक रहेको सार्वजनिक शौचालय तथा कोल्ड स्टोर सञ्चालनका लागि वार्षिक न्यूनतम ठेक्का रकम रु १२,०००००/- अक्षरेपी बाह्र लाख निर्धारण गर्ने र बढाबढ (बोलकबोल) प्रक्रियामार्फत ठेक्का व्यवस्थापन गर्ने निर्णय गरियो। साथै उक्त कार्यबाट संकलित राजश्व सोही क्षेत्रको विकासमा उपयोग गर्ने निर्णय गरियो।

निर्णय नं. १० विविध

१०.१. मण्डनदेउपुर नगरपालिका वडा नं. ७ स्थित गेरुवा खोल्साले ओगटेको सार्वजनिक जग्गा रेखाङ्कन गर्न नगरपालिकाको आन्तरिक जनशक्ति अपुग भएको हुदाँ जिल्ला नापी कार्यालय काभ्रेपलाञ्चोकसंगको समन्वयमा गेरुवा खोल्साले ओगटेको सार्वजनिक जग्गा रेखाङ्कन गर्ने निर्णय गरियो।